नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री गणेश अर्याललेगरेको फैसला

मुद्दा-: अभद्र व्यवहार ।

मि.नं.-१८० दायर मिति:-२०८१/०७/३०

फैसला मितिः-२०८१/१०/२४

| वादी | प्रतिवादी |
|---|---|
| ईन्द्रजितलाल गुसाको जाहेरीले<br>नेपाल सरकार..........................१ | भारत युपी राज्य जिल्ला काशगंज थाना काशगंज वडा नं.१९ बस्ने शेखर वर्माको छोरा बर्ष ३१ को प्रशान्त वर्मा.........१ |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

तथ्य-खण्ड

१. प्रतिवादीले जाहेरवालालाई गाली गलौज गर्दै हातपात समेत गरी अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त.।
२. प्रतिवादीले जाहेरवालालाई गाली गलौज गर्दै हातपात समेत गरी अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।
३. मैले जाहेरवालालाई गाली गलौज गर्दै हातपात समेत गरी अभद्र व्यवहार गरेकोले पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।
४. जाहेरवालालाई गाली गलौज गर्दै हातपात समेत गरी अभद्र व्यवहार गरेकोले प्रतिवादीलाई कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका बिकास गुसा समेतको घटनाविवरण कागज।
५. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।
६. प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको साविती बयान ।
७. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।
८. बिल कागजातहरु समेत पठाईएको भनि जि.स.व.का., पर्साले यस कार्यालयलाई पठाएको पत्र ।
९. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

ठहर-खण्ड

यसमा मिति २०८१।०७।२३ गते राति अ.२२:३ बजेको समयमा जिल्ला पर्सा बीरगंज म.न.पा.वडा नं.१० स्थित सडकमा प्रतिवादी प्रशान्त वर्माले चलाएको भारतिय नम्बरको कारले मेरो श्रीमति शोभा देवीलाई ठक्कर दिई घाईते बनाएकोले निज प्रतिवादीलाई म समेतले नियन्त्रणमा लिई उपचार गराउन भन्दा निजले मादक पदार्थ सेवन गरेको नसाको सुरमा मलाई अश्लिल गाली गलौज गर्दै हातपात समेत गरी अभद्र व्यवहार गरेको हुँदा निजलाई कानुन बमोजिम कारवाहरी गरी पाउँ भन्ने जाहेरी दरखास्त तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान तथा प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको साविती बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। यसरी प्रतिवादी प्रशान्त वर्माले चलाएको भारतिय नम्बरको कारले जाहेरवालाको श्रीमति शोभा देवीलाई ठक्कर दिई घाईते बनाएकोमा उपचार गराउन भन्दा निजले मादक पदार्थ सेवन गरेको नसाको सुरमा जाहेरवालाई अश्लिल गाली गलौज गर्दै हातपात समेत गरी अभद्र व्यवहार गरेको तथ्य स्थापित हुन गएको देखिएको साथै निजबाट धरौटी लिई तारेखमा राखिएकोमा मिति २०८१/०८/०९ गते देखिनै प्रतिवादीले तारेख गुजारी बसेको देखिदाँ प्रतिवादी तारेख मै नरहेको अवस्था समेतलाई बिश्लेषण गरी मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी प्रशान्त वर्मालाई कैद १ महिना ७ दिन, जरिवाना रु.१००००/- अक्षरेपी दस हजार, क्षतिपूर्ती शुल्क रु.४००/- अक्षरेपी चार सय र ऐ.ऐ.संहिताको दफा १२७ को हकमा जाहेरवालाको श्रीमती शोभादेवीलाई उपचार खर्च रु.५००००/- अक्षरेपी पचास हजार मत्र भरी भराउन ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

<u>तपसिल खण्ड</u>

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी प्रशान्त वर्मालाई ठहरेको कैद १ महिना ७ दिनको हकमा निज मिति २०८१/०७/२३ देखि २०८१/०७/२९ सम्म हिरासतमा बसी कैद भुक्तान गरिसकेकोमा भुक्तान हुन बाँकी कैद १ महिना भुक्तान गराउन जिल्ला प्रहरी कार्यालय, पर्सालाई पत्र लेखु र जरिवाना, क्षतिपूर्ती शुल्क तथा उपचार खर्चको हकमा निजले र.नं.१३०/२०८१/०७/३० दाखिला गरेको धरौटी रकम रु६०४००/- बाट जरिवाना रकम रु.१००००/- र क्षतिपूर्ती शुल्क रु.४००/- कट्टी गरी बाँकी रकम रु.५००००/- पिडितलाई उपचार खर्च वापत भरी भराई दिन लेखा शाखा, जिल्ला प्रशासन कार्यालय, पर्सालाई पत्र लेखु----------------------------------------------------------------------------------१

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याददिनु---------------------------------------------------------------------------------------------------------------१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु-------------------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु------------------१

गणेश अर्याल
प्रमुख जिल्ला अधिकारी

ईति सम्बत् २०८१ माघ महिना २४ गते विहीवार रोज ५/ ने.सं. ११४५ सिल्लाध्व नवमी, शुभम् ........